# ज्येष्ठ नागरिक सेवा केन्द्र र आश्रमको पूर्वाधार एवम् संस्थागत विकास कार्यक्रम सम्बन्धि कार्यविधी, २०७६

सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश,
पोखरा, नेपाल ।

## ज्येष्ठ नागरिक सेवा केन्द्र र आश्रमको पूर्वाधार एवम् संस्थागत विकास कार्यक्रम सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावना**

ज्येष्ठ नागरिकहरुलाई सहज तथा सम्मानपूर्ण रुपमा जीवनयापन गर्नमा सहयोग गरी उनीहरुको दैनिक जीवनयापनमा सहजता ल्याउनको लागि ज्येष्ठ नागरिक सेवा केन्द्र र आश्रमको पूर्वाधार एवम् संस्थागत विकास गर्न आवश्यक भएकोले गण्डकी प्रदेश सरकार मन्त्रीपरिषद्बाट यो कार्यविधि स्वीकृत गरिएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " **ज्येष्ठ नागरिक सेवा केन्द्र र आश्रमको पूर्वाधार एवम् संस्थागत विकास कार्यक्रम सम्बन्धि कार्यविधि, २०७६**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि गण्डकी प्रदेशभर लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क) "मन्त्रालय"** भन्नाले सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशलाई सम्झनु पर्दछ ।

**(ख) "सचिव"** भन्नाले सामाजिक विकास मन्त्रालयको सचिवलाई सम्झनु पर्दछ ।

**(ग) "महाशाखा प्रमुख"** भन्नाले सामाजिक विकास महाशाखा प्रमुखलाई सम्झनु पर्दछ ।

**(घ) "ज्येष्ठ नागरिक सेवा केन्द्र र आश्रम"** भन्नाले ज्येष्ठ नागरिकहरुलाई आवासीय रुपमा सेवा दिने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका आश्रम, सेवा केन्द्र तथा संस्थालाई सम्झनु पर्दछ ।

### परिच्छेद -२

### प्रस्ताव आव्हान तथा छनौट प्रक्रिया

३. **प्रस्ताव आव्हान गर्नेः** मन्त्रालयले वार्षिक कार्यक्रम वमोजिम सञ्चालित **ज्येष्ठ नागरिक सेवा केन्द्र र आश्रमको पूर्वाधार एवम् संस्थागत विकास कार्यक्रम** अन्तर्गत अनुदान दिने प्रयोजनका लागि ३० (तीस) दिनको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अनुसूची १ बमोजिमको ढाँचामा

सचिव

प्रकाशन गरी प्रस्ताव आव्हान गर्नुपर्नेछ । उक्त सूचनालाई मन्त्रालयको वेवसाइटमा समेत राख्नु पर्नेछ ।

४. **प्रस्ताव पेश गर्ने**: (१) दफा ३ बमोजिम प्रकाशित सूचनाको आधारमा इच्छुक संस्थाले मन्त्रालय समक्ष निर्धारित अवधिभित्र रितपूर्वक भरिएको अनुसूची २ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा देहायका कागजातहरुको प्रतिलिपी समेत संलग्न गर्नुपर्नेछ ।

(क) सेवा केन्द्र/संस्था/आश्रम दर्ता प्रमाणपत्रको प्रतिलिपी

(ख) सेवा केन्द्र/संस्था/आश्रमको विनियमको प्रतिलिपी

(ग) सेवा केन्द्र/संस्था/आश्रमको लेखापरिक्षण प्रतिवेदन

(घ) सेवा केन्द्र/संस्था/आश्रमको नविकरणको प्रमाण

(ङ) कर चुक्ता खुल्ने कागजात

(च) सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

५. **प्रस्ताव छनौटका आधारहरुः** (१) प्रस्ताव छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

(क) आश्रममा आश्रित ज्येष्ठ नागरिकहरुको संख्या

(ख) आश्रमको जग्गा भवन/ पूर्वाधारको उपलब्धता

(ग) आश्रमको कार्यविधि/कार्यानुभव

(घ) स्रोतको निरन्तरताको सुनिश्चितता (आन्तरिक स्रोत, स्थानीय तहको स्रोत बाह्य अन्य स्रोत)

(२) उपदफा १ बमोजिमका आधारलाई अनुसूची ३ मा उल्लेख भए वमोजिम अंकभार प्रदान गरी प्राप्ताङ्कको आधारमा उपयुक्त संख्यामा प्रस्तावहरु छनौट गरिनेछ ।

६. **प्रस्ताव छनौट समितिः** (१) यस कार्यविधि वमोजिम प्रस्तावहरुको छनौट गर्न मन्त्रालयमा देहाय वमोजिमको एक समिति रहनेछ ।

(क) सामाजिक विकास महाशाखा प्रमुख -संयोजक

(ख) आर्थिक मामिला तथा योजना मन्त्रालयको अधिकृत प्रतिनिधि - सदस्य

(ग) महिला विकास अधिकृत (सम्बन्धित शाखा) -सदस्य सचिव

(२) छनौट समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ-

(क) प्रस्ताव पेश गर्ने म्याद समाप्त भएको मितिले ७ दिन भित्र समितिले प्राप्त प्रस्तावहरुको छनौट गरी स्वीकृतिका लागि सचिव समक्ष पेश गर्नेछ ।

(ख) दफा (५) को उपदफा (१) र (२) मा तोकिएका छनौटका आधारमा आश्रमको मूल्याङ्कन गरी प्राथमिकताक्रमका आधारमा समितिले उपयुक्त संख्यामा प्रस्तावहरु छनौट गर्नेछ।

(ग) समितिले प्रस्ताव छनौट गर्दा संस्थाको पूर्वाधार तथा क्षमता विकासको अवस्थालाई विश्लेषण गरि आवश्यकता र प्राथमिकताका आधारमा अनुदानको रकम एकिन गर्नेछ ।

(घ) उपदफा १ बमोजिमको समितिले अनुसूचि ३ बमोजिमको अंकभारलाई थप खण्डिकृत गर्न सक्नेछ ।

७. **प्रस्तावको स्वीकृति र अख्तियारी दिने प्रकृया:** (१) छनौट समितिले स्वीकृतीका लागि सचिव समक्ष पेश गरेका दफा ६ को उपदफा २ खण्ड (क) बमोजिमका प्रस्तावहरु मनासिव कारण भएमा वाहेक ७ दिनभित्र स्वीकृत गर्नुपर्नेछ ।

(२) प्रस्तावहरु स्वीकृत भएपछि मन्त्रालयको वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गरिनेछ ।

(३) उपदफा (१) वमोजिम छनौट भएका प्रस्ताव सार्वजनिक भएको ७ (सात) दिनभित्र सम्बन्धित स्थानीय तहलाई अख्तियारी प्रदान गर्नेछ ।

८. **कार्यक्रम अनुगमन:** (१) कार्यक्रमको अनुगमन मन्त्रालय र स्थानीय तहबाट अनुसूचि ४ बमोजिम हुनेछ ।

९. **लेखा परिक्षण सम्बन्धी व्यवस्था:** यस कार्यविधि बमोजिम अख्तियारी प्राप्त गर्ने स्थानीय तहको प्रचलित कानून वमोजिम लेखा राख्ने तथा लेखा परीक्षण गर्ने गराउने दायित्व रहनेछ ।

१०. **बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउनेछ ।

११. **संशोधन एवं हेरफेर:** मन्त्रालयले यस कार्यविधिमा आवश्यक संशोधन एवं हेरफेर गर्न सक्नेछ ।

अनुसूची -१

(दफा ३ सँग सम्बन्धित)

सूचनाको ढाँचा

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश

पोखरा नेपाल ।

ज्येष्ठ नागरिक सेवा केन्द्र र आश्रमहरुको पूर्वाधार एवम् संस्थागत विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति- २०७६/..../...

यस मन्त्रालयको आ.व. २०७६/०७७ को वार्षिक कार्यक्रम अन्तर्गत **ज्येष्ठ नागरिक सेवा केन्द्र र आश्रमहरुको पूर्वाधार एवम् संस्थागत विकास कार्यक्रम** सञ्चालन सम्बन्धी अनुदान दिने प्रावधान रहेको हुँदा गण्डकी प्रदेश भित्रका कानून वमोजिम दर्ता भई संचालनमा रहेका ज्येष्ठ नागरिक सेवा केन्द्र/आश्रमहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०(तीस) दिनभित्र **ज्येष्ठ नागरिक सेवा केन्द्र /आश्रमहरुको पूर्वाधार एवम् संस्थागत विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७६** को अनुसूची २ बमोजिमको ढाँचामा देहाय अनुसारका कागजातहरु संलग्न गरी यस मन्त्रालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्तावको लागि आवश्यक कागजातहरु

(क) रीतपूर्वक भरिएको कार्यक्रम प्रस्ताव,

(ख) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी

(ग) आश्रमको विधान, संस्था नविकरण प्रमाण, कर चुक्ता खुल्ने कागजात

(घ) जग्गा भवन भए सोको प्रमाणपत्रको प्रतिलिपी

(ङ) आश्रमको कार्यानुभव

(च) आश्रमको गत आ.व.को वार्षिक प्रगति प्रतिवेदन

(छ) सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

(ज) योजनाको लागत अनुमान

अनुसूची- २

दफा ४ (१) सँग सम्बन्धित

**कार्यक्रम प्रस्तावको ढाँचा**

श्री सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल ।

**१। ज्येष्ठ नागरिक सेवा केन्द्र/ आश्रमको विवरणः**

(क) नामः

(ख) अनुमति पाएको मितिः

(ग) ठेगानाः.............जिल्ला..................गा.पा./न.पा...........वडा नं. ............. टोल

(घ) ज्येष्ठ नागरिक सेवा केन्द्र/ आश्रम सञ्चालक अध्यक्षको नामः ............................
मोबाईल नं.................. ईमेल.....

**२। कार्यक्रमको संक्षिप्त विवरणः**

(क) कार्यक्रमको नामः

(ख) लागत अनुमान अनुसारको रकम रु. .................. (अक्षरमा.......................)

(ग) आश्रमको तर्फबाट रु............................ (अक्षरमा.......................)

(घ) मन्त्रालयमा माग गरेको रकम रु.................... (अक्षरमा.......................)

(ङ) अन्य स्रोतबाट रु............................... (अक्षरमा.......................)

(च) कार्यक्रम सम्पन्न हुन लाग्ने अवधि.........................................

**३। प्रस्ताव तयार पार्दा समावेश हुनु पर्ने मूख्य विवरणहरुः**

(क) कार्यक्रमको पृष्ठभूमिः ...................... .......................... .....................
...................... ................ ......................... ........................ ..................

(ख) कार्यक्रमको औचित्यः................ ...................... ................. .............................
...................... ......................... ........................ ....................... ..................

(ग) कार्यक्रमको उद्देश्यः ................. .................. ......................... .........................
...................... ..................... ...................... .................... .....................

(घ) सेवा केन्द्र/आश्रममा हाल रहेका ज्येष्ठ नागरिकहरुको संख्या:

नोट: सेवा केन्द्र/आश्रममा ज्येष्ठ नागरिकहरु कसरी आएका हुन्, कैफियतमा खुलाउनुहोस:

| ज्येष्ठ नागरिक | | | कैफियत |
|---|---|---|---|
| महिला | पुरुष | जम्मा | |
| | | | |

(ङ) भौतिक पूर्वाधारको अवस्था (कोठा सख्या, उज्यालोको अवस्था, मर्मत गर्नु पर्ने/नपर्ने, रङ्गरोगनको अवस्था, बसाइ व्यवस्था आदि) ........................ ........................ ........................ ........................ ........................ ........................ ........................ ........................

(च) सेवा केन्द्र/आश्रमबाट प्रदान गर्दै आएका सेवाहरु.................. .................. ........................ .......... ................ .................. ................

(छ) आशातित उपलब्धि: ..................... ..................... ........................ .............................. .......................... ............................ ................. .................

(ज) प्रस्ताव पेश गर्ने सेवा केन्द्र/आश्रमको तर्फबाट

नाम:..................... ................ .......... हस्ताक्षर:

पद: मिति:

संस्थाको छाप:

## अनुसूची -३

(दफा ५ (२) सँग सम्बन्धित)

ज्येष्ठ नागरिक सेवा केन्द्र र आश्रमहरुको पूर्वाधार एवम् संस्थागत विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क.सं | सूचक | पूर्णाङ्क | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | सेवा केन्द्र/आश्रममा आश्रित ज्येष्ठ नागरिकहरुको संख्या | ४० | | |
| २ | जग्गा/भवन आदी पूर्वाधारको उपलब्धता | ३० | | |
| ३ | सेवा केन्द्र/आश्रमको कार्यानुभव | ३० | | |
| जम्मा | | १०० | | |

## अनुसूची -४

(दफा ८ सँग सम्बन्धित)

## कार्यक्रम अनुगमन प्रतिवेदनको ढाँचा

ज्येष्ठ नागरिक सेवा केन्द्र/आश्रमको नाम र ठेगाना:

कार्यक्रमको नाम:

उपलब्ध गराइएको रकम रु................................ (अक्षरमा ......................................)

रकम उपलब्ध गराइएको मिति:

कार्यक्रम शुरु मिति..................

कार्यक्रम सम्पन्न मिति.................

कार्यक्रम संचालनमा देखिएका समस्या, समाधानका उपाय र गरिएका प्रयासहरु:

सुझावहरु:

कार्यक्रम संचालन गर्ने स्थानीय तहको राय प्रतिक्रिया:

अनुगमनकर्ताको राय:

ज्येष्ठ नागरिक सेवा केन्द्र/आश्रमको तर्फवाट

नाम र ठेगाना:

संस्थाको छाप

नाम: ............... ...............पद: ..............हस्ताक्षर: ..............

नाम:............... ...............पद: ..............हस्ताक्षर: ..............

नाम: ............... ...............पद:..............हस्ताक्षर:..............

अनुगमनकर्ता:

नाम: पद: हस्ताक्षर: